नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्रोत परिचालन समन्वय शाखा)

**सिंहदरवार, काठमाडौं**

प.सं.०७८/०७९

च.नं ५८

मितिः २०७९।२।०५

श्री स्थानीय तहहरु (सबै) ।

विषय : स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि,२०७९ सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७९।०२।०३ को निर्णयवाट स्वीकृत स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि,२०७९ कार्यान्वयनको लागि यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

(नमराज सापकोटा)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)

श्री सूचना तथा प्रविधि शाखाः-मन्त्रालयको वेबसाइटमा राखिदिनु हुन ।

# स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

श्रोत परिचालन समन्वय शाखा

सिंहदरबार

काठमाण्डौं

२०७९

# स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९

प्राविधिक व्यवस्थापनः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

स्वीकृत मितिः २०७९ जेठ ३

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्रोत परिचालन समन्वय शाखा
सिंहदरबार
काठमाण्डौं
२०७९

# स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९

प्रस्तावना : स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरूको समग्र अवस्थाको मूल्याङ्कनको माध्यमबाट स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ जारी गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ग) "स्थानीय आर्थिक विकास सूचकाङ्क" भन्नाले स्थानीय क्षेत्रमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तीकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका आयामहरूको समग्र अवस्थाको चित्रण गर्ने अनुसूची -१ मा उल्लेख गरिएका सूचकलाई जनाउँछ ।

(घ) "स्थानीय आर्थिक विकासका क्षेत्र " भन्नाले आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तीकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन सम्वन्धी विषयक्षेत्रलाई जनाउँछ।

## परिच्छेद-२

## स्थानीय आर्थिक विकास मूल्याङ्कन

३. मूल्याङ्कनको विषयक्षेत्र : (१) यस कार्यविधिको अधीनमा रही स्थानीय आर्थिक विकास मूल्याङ्कनका विषयक्षेत्र देहायबमोजिम हुनेछन् :-

(क) आर्थिक नीति तथा योजना

(ख) आर्थिक विकास पूर्वाधार

(ग) आर्थिक सशक्तिकरण

(घ) उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तरगतका सूचकहरूको विवरण र हरेक सूचकको अङ्कभार अनुसूची -१ अनुसार हुनेछ ।

४. मूल्याङ्कन प्रक्रिया : (१) यस कार्यविधि बमोजिमको स्थानीय आर्थिक विकासका सूचकको मूल्याङ्कन जिल्ला समन्वय समितिले आफैं वा तेस्रो पक्ष परिचालन गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कनको लागि स्थानीय तहले प्रविष्ट गर्नु पर्ने विवरण वेबमा आधारित (Web Based) प्रणालीमा प्रविष्ट गर्न जिल्ला समन्वय समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

(३) जिल्ला समन्वय समतिले उपदफा (२) बमोजिम प्रविष्ट भएको विवरणको आधारमा यथार्थ मूल्याङ्कन गरी यसको अन्तिम नतिजा प्रकाशन गर्नेछ।

(४) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा जिल्ला समन्वय समितिले आवश्यकता अनुसार स्थानीयस्तरका उद्योग वाणिज्य सम्वन्धी संघ संस्थासँग समन्वय गर्न सक्नेछ।

५. मूल्याङ्कनको समयावधिः (१) जिल्ला समन्वय समितिले स्थानीय आर्थिक विकासका सूचकको मूल्याङ्कन कार्य प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नु पर्नेछ ।

६. मूल्याङ्कनको नतिजा सार्वजनिक गर्नु पर्ने : (१) जिल्ला समन्वय समितिले स्थानीय आर्थिक विकास मूल्याङ्कनको नतिजा प्रत्येक वर्ष माघ मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ।

(२) जिल्ला समन्वय समितिले उपदफा (१) बमोजिमको नतिजालाई आफ्नो वेबसाइटमा प्रकाशित गरी यस सम्बन्धी विवरण मन्त्रालय र प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले एकीकृत नतिजाको तयारी तथा विश्लेषणको लागि प्रदेश सुशासन केन्द्रलाई परिचालन गरी एकीकृत विवरण सार्वजनिक गर्न सक्नेछ।

७. मूल्याङ्कनमा स्थानीय तहको भूमिकाः (१) स्थानीय आर्थिक विकासको मूल्याङ्कन र यसको प्रवर्द्धनका लागि स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम स्थानीय आर्थिक विकासका सूचकहरूको मूल्याङ्कनका लागि मन्त्रालयबाट तयार भएको वेबमा आधारित (Web Based) प्रणाली प्रयोगमा ल्याई आवश्यक विवरण प्रविष्ट गर्ने।

(ख) स्थानीय आर्थिक विकासका सूचकहरूको मूल्याङ्कनका लागि जिल्ला समन्वय समिति समक्ष आवश्यक दस्तावेजहरू पेश गर्ने।

(ग) निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुलाई जिल्ला समन्वय समितिको सहजीकरण र समन्वयमा स्थानीय आर्थिक विकास सूचकाङ्कको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने।

(घ) स्थानीय आर्थिक विकास सूचकाङ्कको बारेमा निजी क्षेत्रलाई अभिमुखीकरण गर्ने।

(ङ) स्थानीय आर्थिक विकासका क्रियाकलापलाई वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने।

(च) स्थानीय आर्थिक विकासका लागि निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गर्ने ।

(छ) आर्थिक सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

(ज) स्थानीय आर्थिक विकासका लागि सहजीकरण गर्न सम्पर्क व्यक्ति तोक्ने।

(झ) जिल्ला समन्वय समितिबाट भएको मूल्याङ्कनको नतिजा छलफलका लागि कार्यपालिकाको बैठकमा पेश गर्ने।

(ञ) कार्यपालिकाले एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गर्ने।

(ट) मूल्याङ्कनको अन्तिम नतिजा सभामा छलफल एवं जानकारीको लागि पेश गर्ने।

(ठ) मूल्याङ्कनको नतिजा कार्यालयको वेबसाइट तथा सूचना पाटी मार्फत् सार्वजनिक गर्ने।

## परिच्छेद - ३

## <u>मन्त्रालयको भूमिका</u>

८. <u>मन्त्रालयले मूल्याङ्कन कार्यको लागि सहयोग र सहजीकरण गर्नसक्ने:</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम गरिने स्थानीय आर्थिक विकासको मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन सम्वन्धित स्थानीय तहको माग र आवश्यकता अनुसार स्थलगत सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सहयोग तथा स्थलगत सहजीकरण मन्त्रालयले आफैं वा अन्य सरकारी निकायलाई जिम्मेवारी दिई गर्न सक्नेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम सहजीकरण गर्दा अघिल्लो आर्थिक वर्षको मूल्याङ्कनमा कमजोर नतिजा प्राप्त हुने स्थानीय तहलाई प्राथमिकतामा राख्नेछ ।

९. वेबमा आधारित (Web Based) प्रणाली प्रयोगमा ल्याउने: मन्त्रालयले यस कार्यविधि बमोजिम स्थानीय तहमा गरिने मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिक लगायतका कार्यमा सहयोग हुने गरी वेबमा आधारित (Web Based) प्रणाली प्रयोगमा ल्याउनु पर्नेछ।

१०. जिम्मेवारी तोक्नुपर्ने: यस कार्यविधि बमोजिमको केन्द्रीयस्तरमा प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले सम्बन्धित शाखालाई जिम्मेवारी तोक्नेछ ।

११. नतिजाको विश्लेषण गर्नुपर्ने: (१) मन्त्रालयले यस कार्यविधि बमोजिम प्राप्त हुने स्थानीय आर्थिक विकासको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा मन्त्रालयले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग सहकार्य गरी कमजोर नतिजा देखिएका स्थानीय तहमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम तयार गरिएको मूल्याङ्कन नतिजालाई अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा आवश्यकता अनुसार नेपाल सरकारका अन्य निकायहरुलाई समेत उपलब्ध गराउन सक्नेछ ।

१२. नतिजाको समीक्षा गर्ने: (१) यस कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर मन्त्रालयले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग समन्वय गरी प्रदेशगत रूपमा वार्षिक समीक्षा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा मन्त्रालयले सम्वन्धित प्रदेश तथा नेपाल सरकारका विषयगत मन्त्रालय र अन्य निकायलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

१३. मूल्याङ्कनका सूचक हेरफेर गर्न सक्ने: (१) मन्त्रालयले मूल्याङ्कनबाट प्राप्त नतिजा, स्थानीय तहको पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कनको ढाँचा संशोधन गरिएमा त्यस्तो संशोधन आगामी आर्थिक वर्षदेखि मात्र लागू हुनेछ।

(३) उपदफा (२) बमोजिम संशोधन वा हेरफेर गरिएको मूल्याङ्कन सूचक र अङ्कभार सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार प्रदेश सुशासन केन्द्र वा जिल्ला समन्वय समिति मार्फत् स्थानीय तहलाई अनुशिक्षण गर्न सक्नेछ ।

## परिच्छेद - ४

## स्थानीय आर्थिक विकास संवाद समिति

१४. <u>स्थानीय आर्थिक विकास संवाद समिति</u> : (१) स्थानीय आर्थिक विकासको प्रवर्द्धनको लागि हरेक स्थानीय तहमा देहाय वमोजिमको एक स्थानीय आर्थिक विकास संवाद समिति रहनेछः-

| | |
|---|---|
| (क) स्थानीय तहको प्रमुख वा अध्यक्ष | संयोजक |
| (ख) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | सदस्य |
| (ग) स्थानीय तहको आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (घ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य |
| (ङ) उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ संस्थाहरुको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य |
| (च) स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरू मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| (छ) स्थानीय तहमा रहेका बैंकहरूमध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| (ज) स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) स्थानीय आर्थिक विकास संवाद समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय आर्थिक विकासको अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने।

(ख) स्थानीय आर्थिक विकासका सूचकको प्रगतिको अवस्थाको समीक्षा गर्ने।

(ग) स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहजीकरण गर्ने।

(घ) स्थानीय सीप विकासको प्रवर्द्धन गर्ने।

(ङ) लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने।

(च) एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यमा सहजीकरण गर्ने।

(छ) औद्योगिक ग्रामको स्थापना सम्बन्धमा सहजीकरण गर्ने।

(ज) सार्वजनिक निजी संवाद सम्बन्धी कार्यहरू गर्ने।

(झ) स्थानीय आर्थिक विकास योजनाको निर्माण तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(ञ) स्थानीय उत्पादनको प्रवर्द्धन सम्बन्धी कार्यमा सहजीकरण गर्ने।

(ट) निजी लगानी आकर्षण सम्बन्धमा समन्वय गर्ने।

(ठ) आर्थिक सशक्तिकरण सम्बन्धी कार्यमा सहजीकरण गर्ने।

(ड) आर्थिक सचेतना कक्षा सञ्चालनमा सहजीकरण गर्ने ।

(ढ) यस कार्यविधिको अनुसूची १ देखि ४ सम्मका क्रियाकलाप कार्यान्वयन गर्न सहजीकरण गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवाला लाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समतिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ५

## विविध

१५. कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिने: (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई स्थानीय तहको कार्यसम्पादनको आधारको रूपमासमेत उपयोग गर्न सकिनेछ।

(२) स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्दा यस कार्यविधि बमोजिमको नतिजालाई समेत आधार मान्न सकिनेछ।

(३) मन्त्रालयले स्थानीय तहलाई स्थानीय आर्थिक विकास सम्बन्धी सःशर्त अनुदान उपलब्ध गराउँदा यस मूल्याङ्कनको नतिजालाई आधार मान्नेछ।

१६. बजेट व्यवस्था: (१) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको क्रममा स्थानीय तहबाट सम्पादन गरिने कार्यका लागि आवश्यक बजेट सम्वन्धित स्थानीय तहले नै व्यवस्था गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम जिल्ला समन्वय समितिबाट गरिने मूल्याङ्कनको लागि आवश्यक पर्ने बजेट व्यवस्था मन्त्रालयले गर्नेछ।

१७. उत्कृष्ट स्थानीय तह घोषणा सम्बन्धी व्यवस्थाः (१) मन्त्रालयले मूल्याङ्कन नतिजाको आधारमा उत्कृष्ट स्थानीय तहको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्कृष्ट तह छनोट गर्दा गाउँपालिका र नगरपालिकालाई अलग अलग रूपमा गरिनेछ ।

(३) यस कार्यविधिको मूल्याङ्कनको आधारमा जिल्लामा प्रथम, द्वितीय र तृतीय हुने स्थानीय तहलाई जिल्ला समन्वय समितिले वार्षिक रुपमा उत्कृष्ट स्थानीय तह घोषणा कार्यक्रम आयोजना गरी कदर पत्र वा पुरस्कार प्रदान गर्न सक्नेछ।

१८. मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितताः (१) मन्त्रालयले मूल्याङ्कनको नतिजाको गुणस्तर सुनिश्चितता परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम मूल्याङ्कन नतिजाको गुणास्तर सुनिश्चितता परीक्षण मन्त्रालय आफैले वा तेस्रो पक्षलाई जिम्मेवारी दिई गर्न सक्नेछ ।

१९. कार्यविधि संशोधनः यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ।

२०. बाधा अड्काउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची -१

## स्थानीय आर्थिक विकासका सूचकहरू

| विषयक्षेत्र — १ : स्थानीय आर्थिक नीति तथा योजना | | | | | |
|---|---|---|---|---|---|
| सूचक | कमजोर (०) | सामान्य (०.५) | मध्यम (१.०) | उत्तम (२) | प्रमाणीकरणको आधार |
| १.१ स्थानीय आर्थिक सर्वेक्षण | स्थानीय आर्थिक सर्वेक्षण प्रतिवेदन तयारी सम्वन्धी कुनै क्रियाकलाप अघि नबढाएको | स्थानीय आर्थिक सर्वेक्षण तयार गर्न स्थानीय तहको वार्षिक योजनामा बजेट तथा कार्यक्रम राखिएको | स्थानीय आर्थिक सर्वेक्षण तयार गरेको | स्थानीय आर्थिक सर्वेक्षण प्रकाशन गरी वेबसाईटमा समेत राखिएको | १. स्थानीय आर्थिक सर्वेक्षणको दस्तावेज प्रकाशन गरेको सर्वेक्षणको प्रति<br>२. स्थानीय तहको वेबसाईट<br>३. वार्षिक बजेट तथा कार्यक्रम |
| १.२ स्थानीय आर्थिक विकास योजना | आवधिक योजनामा स्थानीय आर्थिक विकास योजना समावेश नभएको | आवधिक योजनामा स्थानीय आर्थिक विकास योजना तथा सो सम्वन्धी क्रियाकलापहरू समावेश भएको | स्थानीय आर्थिक विकास योजना कार्यान्वयन गर्न वार्षिकरूपमा बजेट विनियोजन भएको | स्थानीय आर्थिक विकास योजनामा बजेट विनियोजन भई कम्तिमा ८० प्रतिशत रकम खर्च भएको | १. आवधिक योजनामा स्थानीय आर्थिक विकास योजना समावेश भएको दस्तावेज<br>२. वार्षिक बजेट तथा कार्यक्रम<br>३. वार्षिक प्रगति समीक्षा प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| १.३ स्थानीय आर्थिक विकास संवाद समिति | स्थानीय आर्थिक विकास संवाद समिति गठन नभएको | समिति गठन भई कम्तिमा त्रैमासिक रुपमा बैठक बसी स्थानीय आर्थिक विकास सम्बन्धमा निर्णयहरू गरेको | त्रैमासिक बैठक बसेको र यसका निर्णयहरू कम्तिमा ५० प्रतिशत कार्यान्वयनमा आएको | त्रैमासिक बैठक बसेको र यसका निर्णयहरू पूर्णरुपमा कार्यान्वयनमा आएको | १. समितिको बैठकका निर्णयहरू<br>२. वार्षिक प्रगति समीक्षा प्रतिवेदन |
| १.४ स्थानीय उद्योग वाणिज्य सम्वन्धी संघ संस्थाको सहकार्य | स्थानीय आर्थिक विकासको सन्दर्भमा उद्योग वाणिज्य सम्वन्धी संघ संस्थाको बैठक नबसेको | स्थानीय उद्योग वाणिज्य सम्वन्धी संघ संस्था स्थापना भई कम्तिमा त्रैमासिक रुपमा बैठक बस्ने गरेको | स्थानीय उद्योग वाणिज्य सम्वन्धी संघ संस्थाको वैठकले स्थानीय आर्थिक विकास सम्वन्धमा गरेका निर्णयहरु कम्तिमा ५० प्रतिशत कार्यान्वयन भएको | स्थानीय उद्योग वाणिज्य सम्वन्धी संघ संस्थाले स्थानीय तहसँगको सहकार्यमा स्थानीय आर्थिक विकासका कार्यक्रम संचालन गरेको | १. संघ संस्थाको बैठकको निर्णय<br>२. संघ संस्थाको वार्षिक प्रगति विवरण<br>३. स्थानीय तहको वार्षिक प्रगति प्रतिवेदन |
| १.५ स्थानीय लगानी प्रवर्द्धनका लागि स्थानीय लगानी संवाद वा भेला | गत आर्थिक वर्षमा स्थानीय लगानी संवाद वा भेला आयोजना नगरेको | स्थानीय तहको सक्रियतामा गत आर्थिक वर्षमा लगानी संवाद वा | स्थानीय लगानी संवाद वा भेलाका कारण कम्तिमा १ | स्थानीय लगानी संवाद वा भेलाका कारण १ भन्दा बढी उद्योग/ | १. संवाद वा भेला कार्यक्रमको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भेला आयोजना भएको | उद्योग/ व्यवसाय स्थापना भएको | व्यवसाय स्थापना भएको | २. उद्योग वा व्यवसाय स्थापना भएको प्रमाणित अभिलेख<br>३. संवाद वा भेला कार्यक्रमको बैठक पुस्तिका |
| १.६ स्थानीय आर्थिक विकासका क्षेत्रमा स्थानीय तहको लगानी | स्थानीय आर्थिक विकासको क्षेत्रमा स्थानीय तहको वार्षिक लगानी वृद्धि १ प्रतिशत भन्दा कम रहेको | स्थानीय तहको कूल बजेटमा स्थानीय आर्थिक विकासका क्षेत्रमा गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा १ प्रतिशतले लगानी बृद्धि भएको | स्थानीय तहको कूल बजेटमा स्थानीय आर्थिक विकासका क्षेत्रमा गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा २ प्रतिशतले लगानी बृद्धि भएको र सो बजेट खर्च भएको | स्थानीय तहको कूल बजेटमा स्थानीय आर्थिक विकासका क्षेत्रमा गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ३ प्रतिशतले लगानी बृद्धि भएको र सो बजेट खर्च भएको | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. वार्षिक प्रगति समीक्षा प्रतिवेदन |
| १.७ उद्यम विकास सम्वन्धी कार्यविवरण र जिम्वेवारी | उद्यम विकास सम्वन्धी कार्य गर्नको लागि कार्यविवरण तयार नभएको र | स्थानीय तहमा स्थानीय आर्थिक विकासको प्रवर्द्धनको लागि उद्यम विकास | उद्यम विकास सम्वन्धी कार्यविवरण र जिम्मेवारी स्थानीय तहको कुनै शाखाको | उद्यम विकास सम्वन्धी कार्यविवरण र जिम्मेवारी तोकिएको शाखावाट स्थानीय आर्थिक | १. कार्य विवरण र जिम्मेवारी तोकिएको पत्र<br>२. सम्पर्क व्यक्ति तोकेको पत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | जिम्मेवारी समेत नतोकिएको | सम्वन्धी कार्यविवरण तयार गरी जिम्मेवारी तोकिएको | कार्यविवरणमा समावेश भई सम्पर्क व्यक्ति तोकिएको | विकास सम्वन्धी कार्यक्रम सञ्चालन गरेको | ३. स्थानीय आर्थिक विकास सम्बन्धी कार्यक्रम, वजेट विनियोजन र कार्यप्रगति |
| १.८ स्थानीय तहले खर्च भै नजाने ( १ वर्ष भन्दा वढी खप्ने) स्वदेशी उत्पादनका सामान प्रयोगमा ल्याएको | स्थानीय तहले ५ वटा भन्दा कम स्वदेशी उत्पादन प्रयोगमा ल्याएको | स्थानीय तहले कम्तिमा ५ प्रकारका स्वदेशी उत्पादन प्रयोगमा ल्याएको | स्थानीय तहले कम्तिमा १० प्रकारका स्वदेशी उत्पादन प्रयोगमा ल्याएको | स्थानीय तहले कम्तिमा १५ प्रकारका स्वदेशी उत्पादन प्रयोगमा ल्याएको | १. जिन्सी अभिलेख प्रतिवेदन<br>२. सामानको स्थलगत निरीक्षण |
| १.९ उत्कृष्ट उद्यमीलाई सम्मान | वार्षिक रुपमा उत्कृष्ट उद्यमी घोषणा नगरेको | वार्षिक रुपमा उत्कृष्ट उद्यमी घोषणा गरी अभिलेख राखेको | वार्षिक कार्यक्रम आयोजना गरी उत्कृष्ट उद्यमीलाई सम्मान गरिएको | वार्षिक कार्यक्रम आयोजना गरी उत्कृष्ट महिला तथा पुरूष उद्यमीलाई सम्मान गरिएको | १. उत्कृष्ट उद्यमीको अभिलेख<br>२. कार्यक्रमको उपस्थिति र प्रतिवेदन<br>३. प्रकाशित सूची र प्रमाणपत्र |
| १.१० स्थानीय आर्थिक विकासमा गैर | कुनै पनि गैर सरकारी संस्था तथा सामुदायिक | कम्तिमा १ संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा | कम्तिमा २ संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा | कम्तिमा ३ संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा | १. वार्षिक बजेट तथा कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| सरकारी संस्था तथा सामुदायिक संस्थाको लगानी | संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा आफ्नो कार्यक्रम समावेश नगरेको | आफ्नो कार्यक्रम समावेश गरी स्थानीय आर्थिक विकासको क्षेत्रमा लगानी गरेको | आफ्नो कार्यक्रम समावेश गरी स्थानीय आर्थिक विकासको क्षेत्रमा लगानी गरेको | आफ्नो कार्यक्रम समावेश गरी स्थानीय आर्थिक विकासको क्षेत्रमा लगानी गरेको | २. गैसस र सामुदायिक संस्थाले स्थानीय तहमा पेश गरेको प्रतिवेदन |
| १.११ नयाँ उद्यमीलाई व्यवसाय सहायता | नयाँ उद्यमीलाई सहयोग गर्न व्यवसाय सहायता कक्ष संचालन नगरेको र सहयोगको लागि लक्षित कार्यक्रम नरहेको | नयाँ उद्यमीलाई सहयोग गर्न व्यवसाय सहायता कक्ष संचालन गरेको र सहयोगको लागि लक्षित कार्यक्रम रहेको | नयाँ उद्यमीलाई सहयोग गर्न व्यवसाय सहायता कक्ष संचालन गरेको र लक्षित कार्यक्रमका लागि बजेट विनियोजन भएको | विनियोजित बजेट पूर्ण रूपमा खर्च भई नयाँ उद्यमी थप भएको | १. हेल्प डेस्कको तस्वीर<br>२. वार्षिक बजेट तथा कार्यक्रम<br>३. वार्षिक प्रगति प्रतिवेदन |
| १.१२ स्थानीय तहमा विषयगत तथ्यांक/ लगत राखी व्यवसाय दर्ता गरेको | विषयगत तथ्यांक /लगत नराखेको | विषयगत तथ्यांक /लगत राखेको | विषयगत तथ्यांक/ लगतको आधारमा व्यवसाय दर्ता र नवीकरण गर्ने गरेको | स्थानीय तहमा व्यवसाय दर्ता र नवीकरणलाई अनिवार्य गरी ८० प्रतिशत भन्दा वढी | १. विषयगत तथ्यांक/ लगतको अभिलेख<br>२. व्यवसाय दर्ता र नवीकरणको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवसाय दर्ता तथा नवीकरण भएको | ३. व्यवसाय दर्ता र नवीकरणलाई अनिवार्य गरेको निर्णय |
| **विषयक्षेत्र — २ : स्थानीय आर्थिक विकास पूर्वाधार** | | | | | |
| **सूचक** | **कमजोर** | **सामान्य (०.५)** | **मध्यम (१)** | **उत्तम (२)** | **प्रमाणीकरणको आधार** |
| २.१ स्थानीय उत्पादनको बजारीकरणका लागि कार्यक्रम कार्यान्वयन | स्थानीय उत्पादनको बजारीकरणका लागि हाट बजार वा कृषि बजार वा पशु बजार व्यवस्था नभएको | स्थानीय उत्पादनको बजारीकरणका लागि कम्तिमा १ स्थानमा हाट बजार वा कृषि बजार वा पशु बजार व्यवस्था भएको | स्थानीय उत्पादनको बजारीकरणका लागि कम्तिमा २ स्थानमा हाट बजार वा कृषि बजार वा पशु बजार व्यवस्था भएको | स्थानीय उत्पादनको बजारीकरणका लागि कम्तिमा ३ स्थानमा हाट बजार वा कृषि बजार वा पशु बजार व्यवस्था भएको | १. बजारको तस्बिर<br>२. हाट बजार लाग्ने स्थान र हाट बजार लाग्ने समयतालिका |
| २.२ औद्योगिक ग्रामको घोषणा, स्थापना र सञ्चालन | औद्यौगिक ग्राम स्थापनाको कार्य अघि नबढाएको | औद्योगिक ग्राम घोषणा र सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम | औद्यौगिक ग्रामको डीपीआर र वातावरणीय अध्ययन भएको | औद्यौगिक ग्राम सञ्चालन भई सो ग्रामले १५ भन्दा बढी व्यक्तिलाई रोजगारी दिएको | १. औद्योगिक ग्राम घोषणा सम्बन्धी निर्णय र कार्यक्रमको प्रतिवेदन<br>२. डीपीआर र वातावरणीय अध्ययन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | औद्योगिक ग्रामको घोषणा भएको | | | ३. निर्मित संरचनाको तस्वीर र औद्योगिक ग्रामको प्रगति प्रतिवेदन |
| २.३ प्राविधिक शिक्षालय वा विद्यालयमा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण | प्राविधिक शिक्षालय नरहेको वा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण नभएको | स्थानीय तहमा प्राविधिक शिक्षालय रहेको वा कम्तिमा १ माध्यमिक विद्यालयमा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण हुने गरको | स्थानीय तहमा प्राविधिक शिक्षालय रहेको वा कम्तिमा २५ प्रतिशत माध्यमिक विद्यालयमा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण हुने गरको | स्थानीय तहमा प्राविधिक शिक्षालय रहेको वा कम्तिमा ५० प्रतिशत माध्यमिक विद्यालयमा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण हुने गरको | १. प्राविधिक शिक्षालय वा शैक्षिक संस्थाको पाठ्यक्रम<br>२. माध्यमिक विद्यालयको अभिलेख |
| २.४ विद्युतीकरण | ६० प्रतिशत भन्दा कम घरधुरीमा विद्युतीकरण भएको | कम्तिमा ६० प्रतिशत घरधुरीमा विद्युतीकरण भएको | ६०-८० प्रतिशत घरधुरीमा विद्युतीकरण भएको | ८० प्रतिशत भन्दा बढी घरधुरीमा विद्युतीकरण भएको | १. स्थानीय तहको वस्तुस्थिति विवरण |
| २.५ सडकको पहुँच | स्थानीय तहको केन्द्रसम्म बाह्रै महिना सवारी | स्थानीय तहको केन्द्रसम्म बाह्रै महिना सवारी | स्थानीय तहको कम्तिमा ५० प्रतिशत वडा | स्थानीय तहको सबै वडा केन्द्रसम्म बाह्रै | १. स्थानीय तहको वार्षिक प्रगति प्रतिवेदन<br>२. वस्तुस्थिती विवरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | साधन चल्ने सडकको पहुँच नभएको | साधन चल्ने सडकको पहुँच | केन्द्रसम्म बाह्रै महिना सवारी साधन चल्ने सडकको पहुँच | महिना सवारी साधन चल्ने सडकको पहुँच | |
| २.६ स्थानीय तह भित्र निजी क्षेत्रबाट होटल तथा लज वा होमस्टे सञ्चालनमा आएको | स्थानीय तह भित्र होटल तथा लज वा होमस्टे सञ्चालनमा नआएको | स्थानीय तह भित्र कम्तिमा १ होटल तथा लज वा होमस्टे सञ्चालनमा आएको | स्थानीय तह भित्र कम्तिमा २ होटल तथा लज वा होमस्टे सञ्चालनमा आएको | स्थानीय तह भित्र कम्तिमा ४ होटल तथा लज वा होमस्टे सञ्चालनमा आएको | १. होटल तथा लज वा होमस्टे दर्ता अभिलेख<br>२. स्थानीय तहको प्रतिवेदन |
| २.७ सिंचाईको पहुँच | गत आर्थिक वर्षको तुलनामा थप खेतियोग्य जमिनमा सिंचाई सुविधा नपुगेको | गत आर्थिक वर्षको तुलनामा थप १ प्रतिशत खेतियोग्य जमिनमा सिंचाई सुविधा पुगेको | गत आर्थिक वर्षको तुलनामा थप २ प्रतिशत खेतियोग्य जमिनमा सिंचाई सुविधा पुगेको | गत आर्थिक वर्षको तुलनामा थप २ प्रतिशत खेतियोग्य जमिनमा सिंचाई सुविधा पुगेको र निर्माण भइसकेका सिंचाई आयोजनाहरु मर्मत गर्नु पर्ने भए मर्मत गरी संचालनमा ल्याएको | १. स्थानीय तहको अभिलेख<br>२. स्थानीय तहको प्रतिवेदन<br>३. सिंचाई आयोजना/ मर्मतको तस्बीर |

| | | | | | |
|---|---|---|---|---|---|
| २.८ खानेपानीको पहुँच | ७० प्रतिशत भन्दा कम घरधुरीमा पाइपबाट वितरित खानेपानी सुविधा पुगेको | कम्तिमा ७० प्रतिशत घरधुरीमा पाइपबाट वितरित खानेपानी सुविधा पुगेको | ७०-८० प्रतिशत घरधुरीमा पाइपबाट वितरित खानेपानी सुविधा पुगेको | सबै घरधुरीमा पाइपबाट वितरित खानेपानी सुविधा पुगेको | १. स्थानीय तहको अभिलेख/प्रगति प्रतिवेदन<br>२. वस्तुस्थिति विवरण |
| २.९ बैंक तथा वित्तीय संघ संस्था | स्थानीय तह भित्र बैंक र अन्य वित्तीय संघ संस्था नरहेको | स्थानीय तह भित्र कम्तिमा १ बैंक र अन्य वित्तीय संघ संस्था/वचत तथा ऋण सहकारी संस्था रहेको | कम्तिमा १ बैंक र ५० प्रतिशत वडामा वित्तीय संघ संस्था/वचत तथा ऋण सहकारी संस्था रहेको | कम्तिमा १ बैंक र ८० प्रतिशत वडामा वित्तीय संघ संस्था/वचत तथा ऋण सहकारी संस्था रहेको | १. वित्तीय संघ संस्था/वचत तथा ऋण सहकारी संस्था दर्ता अभिलेख |
| २.१० इन्टरनेटमा पहुँच | २५ प्रतिशत भन्दा कम जनताको इन्टरनेट सेवामा पहुँच | कम्तिमा २५ प्रतिशत जनताको इन्टरनेट सेवामा पहुँच | ६०-८० प्रतिशत जनताको इन्टरनेट सेवामा पहुँच | ८० प्रतिशत भन्दा बढी जनताको इन्टरनेट सेवामा पहुँच | १. स्थानीय तहको अभिलेख/प्रतिवेदन<br>२. स्थानीय तहको वस्तुस्थिति विवरण |
| २.११ फोहोरमैला व्यवस्थापन | फोहोरमैला सङ्कलन र व्यवस्थापन | फोहोरमैला सङ्कलन र व्यवस्थापन | फोहोरमैलाको स्रोतमै बर्गीकरण गरी सङ्कलन तथा | फोहोरमैला प्रशोधन गरी आय आर्जन वा | १. स्थानीय तहको अभिलेख/निर्णय/प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्बन्धी कार्य नभएको | सम्बन्धी कार्य भएको | व्यवस्थापन गर्ने गरिएको | पुनः प्रयोग समेत गर्ने गरिएको | २. आय आर्जन वा पुनः प्रयोगको वार्षिक प्रगति प्रतिवेदन |
| २.१२ व्यवसायिक वा प्राविधिक तालिम प्राप्त जनशक्तिको उपलब्धता | आर्थिक रुपमा सक्रिय जनशक्ति मध्ये २ प्रतिशत भन्दा कम जनशक्तिले व्यवसायिक वा प्राविधिक तालिम प्राप्त गरेको | आर्थिक रुपमा सक्रिय जनसंख्याको कम्तिमा २ प्रतिशत जनशक्तिले व्यवसायिक वा प्राविधिक तालिम प्राप्त गरेको | आर्थिक रुपमा सक्रिय जनसंख्याको कम्तिमा ५ प्रतिशत जनशक्तिले व्यवसायिक वा प्राविधिक तालिम प्राप्त गरेको | आर्थिक रुपमा सक्रिय जनसंख्याको कम्तिमा १० प्रतिशत जनशक्तिले व्यवसायिक वा प्राविधिक तालिम प्राप्त गरेको | १. स्थानीय तहको वस्तुस्थिति विवरण<br>२. वार्षिक प्रगति प्रतिवेदन<br>३. तालिमको लगत |
| २.१३ स्थानीय तहको आन्तरिक आय वृद्धि | स्थानीय तहको आन्तरिक आय वृद्धि नभएको | स्थानीय तहको आन्तरिक आय गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ५ प्रतिशतले वृद्धि भएको | स्थानीय तहको आन्तरिक आय गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा १० प्रतिशतले वृद्धि भएको | स्थानीय तहको आन्तरिक आय गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा १५ प्रतिशतले वृद्धि भएको | १. स्थानीय तहको अभिलेख/प्रतिवेदन<br>२. आन्तरिक आयको विबरण |

| विषयक्षेत्र -३ : आर्थिक सशक्तिकरण | | | | | |
|---|---|---|---|---|---|
| **सूचक** | **कमजोर (०)** | **सामान्य (०.५)** | **मध्यम (१)** | **उत्तम (२)** | **प्रमाणीकरणको आधार** |
| ३.१ आर्थिक सामाजिक रुपमा पछि परेका वर्गको आयबृद्धि र सीप विकास वा जीवीकोपार्जन सुधार वा उद्यमशीलताका लागि बजेट विनियोजन भएको | समानीकरण अनुदान र आन्तरिक आयको ५ प्रतिशत भन्दा कम रकम विनियोजन गरी खर्च गरेको | समानीकरण अनुदान र आन्तरिक आयको कम्तिमा ५ प्रतिशत रकम विनियोजन गरी खर्च गरेको | समानीकरण अनुदान र आन्तरिक आयको कम्तिमा १० प्रतिशत रकम विनियोजन गरी खर्च गरेको | समानीकरण अनुदान र आन्तरिक आयको कम्तिमा १५ प्रतिशत रकम विनियोजन गरी खर्च गरेको | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. वार्षिक प्रगति प्रतिवेदन |
| ३.२ रोजगार/स्वरोजगारमा संलग्न जनसंख्या | आर्थिक रुपमा सक्रिय कुल जनसंख्यामध्ये २० प्रतिशत भन्दा कम रोजगार/ | आर्थिक रुपमा सक्रिय कुल जनसंख्यामध्ये कम्तिमा २० प्रतिशत रोजगार/ स्वरोजगारमा संलग्न रहेको | आर्थिक रुपमा सक्रिय कुल जनसंख्यामध्ये कम्तिमा ४० प्रतिशत रोजगार/स्वरोजगारमा संलग्न रहेको | आर्थिक रुपमा सक्रिय कुल जनसंख्यामध्ये ६० प्रतिशत भन्दा बढी रोजगार/स्वरोजगारमा संलग्न रहेको | १. रोजगारी सम्वन्धी वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वरोजगारमा संलग्न रहेको | | | | |
| ३.३ सीपमा आत्मनिर्भरता | यस कार्यविधिको अनुसूची २ मा उल्लिखित विषयमा तालीम सञ्चालन नगरेको | यस कार्यविधिको अनुसूची २ मा उल्लिखित कुनै ५ विषयमा तालीम सञ्चालन गरेको | यस कार्यविधिको अनुसूची २ मा उल्लिखित कुनै ५ विषयमा तालीम लिनेको सङ्ख्या गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा बढेको | तालीम लिनेको सङ्ख्या गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा बृद्धि भई यी मध्ये कम्तिमा ३ वटा क्षेत्रमा स्थानीय तह आत्मनिर्भर रहेको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/ सर्वे / प्रतिवेदन |
| ३.४ व्यवसायिक कृषि फार्म | व्यवसायिक कृषि फार्म सञ्चालनमा नआएको | कम्तिमा १ व्यवसायिक कृषि फार्म सञ्चालनमा आएको | कम्तिमा २५ प्रतिशत वडामा व्यवसायिक कृषि फार्म सञ्चालनमा आएको | कम्तिमा ५० प्रतिशत वडामा व्यवसायिक कृषि फार्म सञ्चालनमा आएको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको दर्ता अभिलेख/ प्रतिवेदन |
| ३.५ व्यवसायिक पशुपन्छीपालन वा मत्स्यपालन | व्यवसायिक पशुपन्छी वा मत्स्य पालन फार्म सञ्चालनमा नआएको | कम्तिमा १ व्यवसायिक पशुपन्छी वा मत्स्य पालन फार्म सञ्चालनमा आएको | कम्तिमा २५ प्रतिशत वडामा व्यवसायिक पशुपन्छी वा मत्स्य फार्म सञ्चालनमा आएको | कम्तिमा ५० प्रतिशत वडामा व्यवसायिक पशुपन्छी वा मत्स्य फार्म सञ्चालनमा आएको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको दर्ता अभिलेख/ प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ पर्यटन विस्तार | पर्यटन प्रवर्द्धनमा बजेट विनियोजन नगरेको | पर्यटन प्रवर्द्धनमा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरेको | पर्यटनप्रवर्द्धनमा कार्यक्रमका कारण गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा २ प्रतिशतले पर्यटक बढेको | पर्यटनप्रवर्द्धन कार्यक्रमका कारण गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ३ प्रतिशतले पर्यटक बढेको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/ सर्वे/ प्रतिवेदन |
| ३.७ एक घर एक रोजगार कार्यक्रम | १ घर १ व्यक्ति रोजगार कार्यक्रम सञ्चालनमा नआएको | स्थानीय तहको वार्षिक कार्यक्रममा १ घर १ व्यक्ति रोजगार कार्यक्रम समावेश भई सञ्चालनमा आएको | कम्तिमा १० प्रतिशत घरपरिवारमा १ घर १ व्यक्ति रोजगार भएको (१ वर्षमा कम्तिमा ९ महिना रोजगार) | कम्तिमा २० प्रतिशत घरपरिवारमा १ घर १ व्यक्ति रोजगार भएको (१ वर्षमा कम्तिमा ९ महिना रोजगार ) | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/ सर्वे/ प्रतिवेदन<br>३. रोजगारी सम्वन्धी प्रतिवेदन |
| ३.८ प्राङ्गारिक खेती | प्राङ्गारिक खेतीको सुरुवात नगरिएको | प्राङ्गारिक र जैविक विषादी प्रयोग गरी कम्तिमा १ वडामा प्राङ्गारिक खेती गरिएको | प्राङ्गारिक खेतीको उत्पादनको कम्तिमा १ बिक्रीस्थल भएको | प्राङ्गारिक खेतीको उत्पादनको कम्तिमा २ बिक्रीस्थल भएको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/प्रतिवेदन<br>३. विक्री केन्द्र रहेको स्थान र तस्वीर |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.९ स्थानीय उत्पादन प्रदर्शनी/मेला | स्थानीय उत्पादनका वस्तुहरु समावेश गरी आर्थिक वर्षमा कुनै प्रदर्शनी/मेला लाग्ने नगरेको | कम्तिमा ९० प्रतिशत स्थानीय उत्पादनका वस्तुहरु समावेश गरी गत आर्थिक वर्षमा कम्तिमा १ प्रदर्शनी/मेला आयोजना गरेको | कम्तिमा ९० प्रतिशत स्थानीय उत्पादनका वस्तुहरु समावेश गरी गत आर्थिक वर्षमा कम्तिमा २ प्रदर्शनी/मेला आयोजना गरेको | कम्तिमा ९० प्रतिशत स्थानीय उत्पादनका वस्तुहरु समावेश गरी गत आर्थिक वर्षमा कम्तिमा ३ प्रदर्शनी/मेला आयोजना गरेको | १. प्रदर्शनी/मेलाको तस्वीरहरू<br>१. प्रदर्शनी/मेलाको प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख |
| ३.१० सहकारी बिक्री कक्ष | उत्पादकहरुको सहकारी बिक्री कक्ष सञ्चालनमा नआएको | उत्पादकहरुको सहकारी बिक्री कक्ष सञ्चालनमा आएको | कम्तिमा २ वडामा उत्पादकहरुको सहकारी बिक्री कक्ष सञ्चालनमा आएको | कम्तिमा ३ वडामा उत्पादकहरुको सहकारी बिक्री कक्ष सञ्चालनमा आएको | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/प्रतिवेदन<br>३. बिक्री कक्ष रहेको स्थान र तस्वीर |
| ३.११ वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि लक्षित कार्यक्रम | वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि आर्जित सीपमा आधारित लक्षित | वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि आर्जित सीपमा आधारित लक्षित कार्यक्रम सञ्चालन गरेको | वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि आर्जित सीपमा आधारित लक्षित कार्यक्रममा बजेट विनियोजन गरिएको | वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि आर्जित सीपमा आधारित लक्षित कार्यक्रमहरूबाट सम्वन्धित वर्गले आर्जित सीप अनुसारको | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. स्थानीय तहको अभिलेख/ सर्वे / प्रतिवेदन<br>३. व्यवसाय दर्ताको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन नगरेको | | | व्यवसाय स्थापना/संचालन गरेको | |
| ३.१२ आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षारताका लागि अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा संचालन गरेको | आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षारताका लागि गत आर्थिक वर्षमा अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा संचालन नगरेको | आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षारताका लागि गत आर्थिक वर्षमा कम्तिमा २ स्थानमा वा २ वटा अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा संचालन गरेको | आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षारताका लागि गत आर्थिक वर्षमा कम्तिमा ४ स्थानमा वा ४ वटा अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा संचालन गरेको | आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षारताका लागि गत आर्थिक वर्षमा ४ भन्दा बढी स्थानमा वा ४ वटा भन्दा बढी अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा संचालन गरेको | १. अभिमुखीकरण कार्यक्रमको उपस्थिति र निर्णय पुस्तिका<br>२. अभिमुखीकरण कार्यक्रमको प्रतिवेदन<br>३. वार्षिक प्रगति प्रतिवेदन |

**विषयक्षेत्र — ४ : उद्यमशीलता विकास र औद्योगिक प्रवर्द्धन**

| सूचक | कमजोर(०) | सामान्य (०.५) | मध्यम (१) | उत्तम (२) | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१ लघु, घरेलु तथा साना उद्योगको विस्तार | उद्योगको वार्षिक संख्या बृद्धि ३ प्रतिशत भन्दा कम रहेको | गत आर्थिक वर्षमा भन्दा कम्तिमा ३ प्रतिशतले उद्योगको संख्या बृद्धि भएको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा कम्तिमा ४ प्रतिशतले उद्योगको संख्या बृद्धि भएको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा कम्तिमा ५ प्रतिशतले उद्योगको संख्या बृद्धि भएको | १. जिल्ला स्थित घरेलु उद्योग कार्यालयको दर्ता तथा प्रतिवेदन<br>२. स्थानीय तहको अभिलेख/ प्रतिवेदन |
| ४.२ श्रमको लागि विदेश जाने जनशक्ति | श्रमको लागि विदेश जाने अदक्ष जनशक्ति गत आर्थिक वर्षमा नघटेको | श्रमको लागि विदेश जाने अदक्ष जनशक्ति गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ३ प्रतिशतले घटेको | श्रमको लागि विदेश जाने अदक्ष जनशक्ति गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ४ प्रतिशतले घटेको | श्रमको लागि विदेश जाने अदक्ष जनशक्ति गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ५ प्रतिशतले घटेको | १. स्थानीय तहको वस्तुस्थिति विवरण<br>२. स्थानीय तह/रोजगार संयोजकको वार्षिक प्रगति प्रतिवेदन |
| ४.३ एक स्थानीय तह एक उत्पादन कार्यक्रम सञ्चालन | कार्यक्रम संचालन नभएको | कार्यक्रम संचालन भई उत्पादन सुरु भएको | कार्यक्रम संचालन भई सो वस्तुमा स्थानीय तह आत्मनिर्भर भएको | कार्यक्रम संचालन भई सो वस्तुमा स्थानीय तह आत्मनिर्भर भएको र उक्त वस्तु निर्यात समेत हुन थालेको | १. स्थानीय तहको अभिलेख/सर्वे /प्रतिवेदन<br>२. वार्षिक प्रगति प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ कृषिजन्य क्रियाकलाप | व्यवसायिक कृषिमा संलग्न परिवार १० प्रतिशत भन्दा कम रहेको | व्यवसायिक कृषिमा संलग्न परिवार कम्तिमा १० प्रतिशत रहेको | व्यवसायिक कृषिमा संलग्न परिवार १०-२० प्रतिशत रहेको | व्यवसायिक कृषिमा संलग्न परिवार २० प्रतिशत भन्दा बढी रहेको | १. स्थानीय तहको अभिलेख/सर्वे /प्रतिवेदन<br>२. वार्षिक प्रगति प्रतिवेदन |
| ४.५ रोजगारीमूलक वा उत्पादनमूलक सहकारीको सङ्ख्या | सहकारीको सङ्ख्या गत आर्थिक वर्षमा ३ प्रतिशत भन्दा कम बृद्धि भई महिला नेतृत्वको संख्या समेत नबढेको | सहकारीको सङ्ख्या गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ३ प्रतिशत बृद्धि भई महिला नेतृत्वको संख्या समेत बढेको | सहकारीको सङ्ख्या गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा कम्तिमा ४ प्रतिशतले बृद्धि भई महिला नेतृत्वको संख्या समेत बढेको | सहकारीको सङ्ख्या गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा कम्तिमा ५ प्रतिशतले बृद्धि भई महिला नेतृत्वको संख्या समेत बढेको | १. स्थानीय तहको दर्ता अभिलेख/ प्रतिवेदन<br>२. सहकारी प्रतिवेदन |
| ४.६ व्यवसायको प्रवर्द्धन | गत आर्थिक वर्षमा व्यवसायको सङ्ख्या नबढेको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा व्यवसायको सङ्ख्या ३ प्रतिशतले बढेको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा व्यवसायको सङ्ख्या कम्तिमा ४ प्रतिशतले बढेको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा व्यवसायको सङ्ख्या कम्तिमा ५ प्रतिशतले बढेको | १. व्यवसाय करको तुलनात्मक अभिलेख<br>२. दर्ता भएको व्यवसाय संख्या |
| ४.७ महिला उद्यमीको संख्या | महिलाको स्वामित्वमा रहेको | महिलाको स्वामित्वमा रहेको उद्योग व्यवसाय | महिलाको स्वामित्वमा रहेको उद्योग व्यवसाय | महिलाको स्वामित्वमा रहेको उद्योग व्यवसाय | १. उद्योग व्यवसाय दर्ताको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्योग व्यवसाय गत आर्थिक वर्षमा ३ प्रतिशतभन्दा कम बृद्धि भएको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ३ प्रतिशतले बृद्धि भएको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ४ प्रतिशतले बृद्धि भएको | गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष भन्दा ५ प्रतिशतले बृद्धि भएको | २. महिला उद्यमीको संख्या रहेको प्रतिवेदन |
| ४.८ परम्परागत हस्तकला उद्योग प्रवर्द्धन | परम्परागत संस्कृति वा हस्तकला सम्बन्धी कुनै उत्पादन नभएको | परम्परागत संस्कृति वा हस्तकला सम्बन्धी कुनै १ उत्पादन हुने गरेको | परम्परागत संस्कृति वा हस्तकला सम्बन्धी कुनै २ उत्पादन हुने गरेको | परम्परागत संस्कृति वा हस्तकला सम्बन्धी कुनै ३ उत्पादन हुने गरेको | १. स्थानीय तहको अभिलेख/सर्वे /प्रतिवेदन |
| ४.९ स्थानीय तहभित्र कृषिजन्य उत्पादनको संकलन र प्रशोधन | स्थानीय तहभित्र कृषिजन्य/दुग्धजन्य उत्पादनको संकलन केन्द्र संचालनमा नरहेको | स्थानीय तहभित्र कृषिजन्य/दुग्धजन्य उत्पादनको संकलन केन्द्र संचालनमा रहेको | स्थानीय तहभित्र कृषिजन्य/दुग्धजन्य उत्पादनको संकलन र प्रशोधन केन्द्र संचालनमा रहेको | स्थानीय तहभित्र संकलन तथा प्रशोधन केन्द्र संचालनमा रही उत्पादित सामानको प्याकेजिङ र ब्रान्डिङ समेत हुने गरेको | १. संकलन तथा प्रशोधन केन्द्रको तस्विर<br>१. स्थानीय तहको दर्ता अभिलेख तथा प्रतिवेदन<br>२. प्याकेजिङ र ब्रान्डिङको नमूना |
| ४.१० कृषि उत्पादन पकेट क्षेत्र | कृषि उत्पादन पकेट क्षेत्र निर्धारण नगरेको | कृषि उत्पादन पकेट क्षेत्र निर्धारण गरी कुनै १ कृषिजन्य वस्तु | कुनै २ कृषिजन्य वस्तु उत्पादन भई बिक्री हुने गरेको | कुनै ३ कृषिजन्य वस्तु उत्पादन भई बिक्री हुने गरेको | १. स्थानीय तहको अभिलेख/सर्वे/ प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उत्पादन भई बिक्री हुने गरेको | | | |
| ४.११ स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) | स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) नरहेको र सो को निर्माण एवं सञ्चालन गर्न बजेट तथा कार्यक्रम समेत नरहेको | स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण एवं सञ्चालन गर्न बजेट तथा कार्यक्रम रहेको | स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण भएको | स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण भई सञ्चालनमा रहेको | १. साझा सुविधा केन्द्र (उद्यम घर) तस्विर<br>२. स्थानीय तहको अभिलेख तथा प्रतिवेदन<br>३. बजेट तथा कार्यक्रम |
| ४.१२ कृषि आधुनिकीकरण र व्यवसायिकताको लागि प्रविधि/ उपकरणको उपयोग तथा लगानी | कृषि आधुनिकीकरण र व्यवसायिकताको लागि नयाँ प्रविधि/ उपकरणको प्रयोग नगरेको | कृषि आधुनिकीकरण र व्यवसायिकताको लागि नयाँ प्रविधि/ उपकरणको उपयोग गरेको वा उपकरण वितरण गरेको | कृषि आधुनिकीकरणको लागि नयाँ प्रविधि/ उपकरण खरीद र संचालनमा सामुहिक लगानीलाई प्रोत्साहन गर्न स्थानीय तहले सहजीकरण गरी लगानी गरेको | कृषि आधुनिकीकरणको लागि नयाँ प्रविधि/ उपकरणमा सामुहिक लगानी गरी सो को उपयोगबाट उत्पादन बढेको | १. स्थानीय तहको अभिलेख/प्रतिवेदन<br>२. प्रयोग भएका प्रविधि र उपकरणको अभिलेख<br>३. वार्षिक बजेट तथा कार्यक्रम र प्रगति प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१३ नयाँ उद्योग, व्यवसाय स्थापना, दर्ता र नविकरण | नयाँ उद्योग, व्यवसाय, कृषि तथा पशु फार्म लगायतको स्थापना, दर्ता र नवीकरण प्रक्रियामा सरलीकृत र सहजीकरण नगरेको | नयाँ उद्योग, व्यवसाय, कृषि तथा पशु फार्म लगायतको स्थापना, दर्ता र नविकरण प्रक्रियामा सरलीकृत गरी सहजीकरण गरेको | नयाँ उद्योग, व्यवसाय स्थापना र संचालनको लागि आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधार ( विद्युतीकरण, सडक पहुँच आदि) को लागि सहजीकरण गरेको | प्राथमिकता प्राप्त क्षेत्रमा नयाँ उद्योग, व्यवसाय स्थापना गर्दा दर्ता शुल्क छुट वा निश्चित अवधिको लागि कर छुट वा अन्य सहुलियत प्रदान गरेको | १. दर्ता र नविकरणको अभिलेख<br>२. छुट वा सहुलियत सम्वन्धी सभा/ कार्यपालिकाको निर्णय<br>३. वार्षिक प्रगति प्रतिवेदन |

## अनुसूची -२

## सीप विकास सम्बन्धी परियोजना सूची

१. प्लम्बिङ
२. हाउस वाइरिङ
३. विद्युतीकरण
४. वेल्डिङ
५. भवन निर्माण
६. भवनको रंगरोगन
७. टाईल लगाउने
८. ढुङ्गा छपाई
९. र्‍याफ्टिङ
१०. हेभी ईक्वीपमेन्ट/सवारी चालक
११. सवारी साधन मर्मत
१२. फर्निचर निर्माण
१३. पशु उपचार/प्राविधिक
१४. कब्बल सडक निर्माण
१५. साधारण थेरापी
१६. साईकल तथा मोटरसाईकल मर्मत
१७. पुष्प व्यवसाय
१८. सिलाई कटाई
१९. कपाल काट्ने
२०. मिथिला कला निर्माण
२१. थाङ्का चित्र बनाउने
२२. गलैंचा बुनाई
२३. ढाका कपडा बुनाई
२४. अचार बनाउने
२५. हाते कागज निर्माण
२६. पाउरोटी बनाउने

२७. मैन बत्ती बनाउने

२८. घडी , रडियो तथा मोबाईल मर्मत

२९. सीकर्मी, डकर्मी

३०. CTEVT ले मान्यता दिएका अन्य  सीपमूलक तालिमहरू

## अनुसूची -३ः सम्भाव्य व्यवसायको सूची

| क्र. सं. | व्यवसायको किसिम |
|---|---|
| | **व्यापारिक वस्तु** |
| १. | व्यवसायिक स्टोर |
| २. | ज्वेलरी, ईलेक्ट्रोनिक्स आदि |
| ३. | निर्माण सामग्री, फर्निसिंग,विद्युतीय सामग्री, रंगरोगन आदि |
| ४. | ईटा बालुवा डिपो |
| ५. | सवारी साधनका पसल , मेसिनरी तथा मेसिनरी पार्टस, लुब्रिकेन्टस आदि |
| ६. | औषधी पसल |
| ७. | दैनिक उपभोग्य खाद्य पदार्थ,कपडा, कस्मेटिक, भाँडा, जुत्ता पसल आदि |
| ८. | क्युरियो, स्टेसनरी,तथा पुस्तक पसल |
| ९. | फलपूल,सागसब्जी,मासु पसल |
| १०. | अन्य व्यापारिक वस्तु |
| | **विशेषज्ञ सेवा** |
| १. | प्राविधिक सेवा, नक्सा बनाउने सेवा, माटो परीक्षण, परामर्श सेवा, ज्योतिष सेवा |
| २. | सेयर ब्रोकर, लेखापढी,विज्ञालन एजेन्सी, लेखापरीक्षण, म्यानपावर एजेन्सी, पेन्टर, सर्वेयर, कार्भिंग, आदि |
| ३. | अनुसन्धान, अनुवादक आदि |
| ४. | चिकित्सा सेवा |
| | सेवा व्यवसाय |
| १. | ढुवानी सेवा |

| क्र. सं. | व्यवसायको किसिम |
|---|---|
| २. | स्थानीय यातायात सेवा |
| ३. | व्युटीपार्लर, मसाज, शैलुन, पेन्टिङ्ग आदि |
| ४. | पार्टी प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि |
| ५. | केवल, इन्टरनेट, यफयम सेवा, रेडियो, कम्युनिकेशन, फोटो आदि |
| ६. | रेष्टुरेन्ट, मिठाई पसल, दुध दही पसल आदि |
| ७. | सिलाई कटाई सेवा |
| ८. | रियल स्टेट |
| ९. | पुल हाउस, जिम,साउना आदि |
| १०. | अन्य सेवा |
| **उद्योग** | |
| १. | स्थानीय कच्चा पदार्थ उपयोग गरी सञ्चालित ईटा उद्योग |
| २. | पानी उद्योग |
| ३. | वालुवा, ढुङ्गा, गिट्टी जस्ता साधारण निर्माण मुखी पदार्थ प्रशोधन गर्ने उद्योग |
| ४. | पर्यटनमूलक उद्योग (होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, ट्रेकिंग एजेन्सी, स्किंग, ग्लाइडिंग आदि |
| ५. | उत्पादनमूलक उद्योगक (प्लाईउड, हुमपाईप, ग्रिल, ब्लक, कागज, काठ, ईटा, प्लास्टिक औषदी आदि |
| ६. | कृषिमा आधारित उद्योग ( चामल मिल,विस्कुट,वेकरी पोल्ट्रि, शित भण्डार, दाना आदि |
| ७. | अन्य उद्योग |
| **स्वास्थ्य सेवा** | |
| १. | निजी क्षेत्रबाट सञ्चालित नर्सिङ्ग होम |

| क्र. सं. | व्यवसायको किसिम |
|---|---|
| २. | क्लिनिक तथा ल्याब, फिजियोथेरापी, दन्त्य सेवा आदि |
| ३. | अन्य स्वास्थ्य उद्योग |
| | **शिक्षा सेवा** |
| १. | भाषा प्रशिक्षण |
| २. | तालिम केन्द्र , शैक्षिक परामर्श सेवा, आदि |
| ३. | अन्य |

## अनुसूची - ४ः सम्भाव्य उद्योगको सूची

### १. सेवामूलक उद्योग

क. मोटरसाइकल तथा गाडी मर्मत गर्ने वर्कसप, यान्त्रिक प्रयोगशाला

ख. छापाखाना तथा छपाई सम्बन्धी उद्योग

ग. व्यायामशाला

घ. प्रयोगशाला

ङ. खेलकूद सेवा तथा स्विमिङ पुल

च. फिजियोथेरापी, दन्त उपचार सेवा, आँखा उपचार सेवा

छ. हाउस वाइरिङ

ज. व्याट्री रिचार्ज

झ. मोबाईल तथा घडी मर्मत केन्द्र

ञ. पशु चिकित्सालय

ट. स्वास्थ्य परीक्षण

ठ. खाद्यान्य, कुटानी पिसानी , पेलानी, प्यार्किंग

ड. ड्राईक्लिनिङ सेवा

ढ. ब्यूटीपार्लर

ण. माटो परीक्षण सेवा

त. नक्सा निर्माण सेवा

थ. हेल्थ क्लब

द. थिएटर हल

ध. नाटक घर

न. बुटिक, सिलाई तथा बुनाइ

ऩ. फुट कोर्ट

प. घुम्ती खाद्य पसल

फ. कोसेली घर स्थापना

ब. डेरी उद्योग

भ. रेस्टुरेन्ट स्थापना

म. अन्य उद्योग

## २. सूचना प्रविधि उद्योग

क. टेक्नोलोजी पार्क

ख. आइटि पार्क

ग. बायोटेक पार्क

घ. साईबर क्याफे

ङ. डिजिटल म्यापिङ

च. क्लाउड कम्प्युटिङ

छ. सफ्टवेयर उद्योग

ज. अन्य

## ३. पर्यटन उद्योग

क. सामुदायिक होटेल, रिसोर्ट, रेष्टुरा

ख. गल्फ कोर्ष, पोलो, अन्य खेलकुद

ग. प्याराग्लाईडिङ, बञ्जीजम्पिङ आदि

घ. मसाज स्पा

ङ. वाटर पार्क

च. होमस्टे

छ. ट्राभल एजेन्सी

ज. ट्रेकिङ एजेन्सी

झ. र्‍याफ्टीङ

## ४. विशेष उद्योगहरू

क. पस्मिना उद्योग

ख. ढाका उद्योग

ग. काँसको थाल तथा कचौरा

घ. कफी

ङ. खुकरी

च. मह

छ. तोरीको तेल

ज. राडीपाखी

झ. अल्लो

ञ. उनी गलैंचा

ट. काष्टकलाका बस्तु

ठ. मुर्तिकलाका बस्तु

ड. ढुंगाका टायल

ढ. मार्सी, अनादी, जेठोबूढो, कालानमक धानको ब्राण्डिंग

ण. थाङ्का चित्र

त. मिथिला कला

थ. नेपाली रैथाने खाना (चुकौनी, बटुक, बारा, ढकी, डुप्का, सिस्नो, छुर्पी, लप्सी क्यान्डी, भक्का, आदि)

## ५. विविध

क. मास्क उद्योग

ख. कापी किताब उद्योग

ग. साना घरेलु उद्योग

घ. डेरी उद्योग

ङ. पाउरोटी उद्योग

च. टायल , ब्लक उद्योग

छ. फर्निचर उद्योग

ज. जुत्ता उद्योग

झ. सःमिल

ञ. स्टिल फर्निचर उद्योग

ट. ग्रिल उद्योग

ठ. फोहोर प्रशोधन

ड. कृषि औजार उत्पादन

## अनुसूची - ५ः स्थानीय आर्थिक पूर्वाधारसंग सम्बन्धित परियोजना

१. स्थानीय औद्योगिक करिडोर स्थापना सम्बन्धी कार्यक्रम
२. औद्योगिक ग्राम स्थापना र निर्माण सम्बन्धी कार्यक्रम
३. हाट बजार स्थापना र यसको पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम
४. निजी क्षेत्रले कुनै उद्योग स्थापना गरेमा सो उद्योगसम्म पुग्ने सार्वजनिक पूर्वाधार जस्तै- सडक, ढल, खानेपानी, सडक बत्ती, विद्युत पोल निर्माण तथा जडान सम्बन्धी कार्यक्रम
५. बस्तीलाई एकीकरण गरी बजार केन्द्रका रुपमा विकास गर्न जग्गा एकीकरण, एकीकृत बस्ती स्थापना सम्बन्धी कार्यक्रम
६. साविकका एकीकृत बस्तीलाई बजार केन्द्रका रुपमा विकास गर्न सो बस्तीमा नाला तथा ढल निर्माण, सडकमा ढुङ्गा छपाई, पेटी निर्माण, विद्युतीकरण, सडक वत्तीको व्यवस्था, सडक, चौतारी निर्माण, सामुदायिक हल निर्माण, हरित पार्क निर्माण, स-साना खेलकूद ग्राउन्ड, आदिको व्यवस्था गरी बस्ती सुधार गर्ने कार्यक्रम।
७. टोल विकास संस्थाका आर्थिक सचेतना कक्षा संचालन गर्ने सामुदायिक भवनहरू
८. सामुदायिक संस्थाले चलाउने सामुदायिक शित भन्डारण
९. सामुदायिक गोदामघर
१०. सामुदायिक तथा सहकारी बिक्री कक्ष स्थापना
११. बजार केन्द्र रहेका स्थानमा आर्थिक विकासलाई योगदान गर्ने सामुदायिक तथा सार्वजनिक पूर्वाधार
१२. उत्पादन ढुवानी गर्ने स्थानीय रज्जु, रोपवे मार्ग
१३. महानगर तथा उपमहानगरका सहरी क्षेत्रमा क्लस्टर आधारमा विशेष व्यवसायिक जोन निर्माण ( कृषि सामानको जोन, हार्डवेयर जोन, अटोमोबाईल जोन आदि)
१४. विशेष उत्पादनका औद्योगिक ग्राम सञ्चालन
१५. कृषि उत्पादनका लागि सतही सिंचाई योजना वा पोखरी निर्माण
१६. सामुदायिक औद्योगिक पूर्वाधार सम्बन्धी प्राविधिक समितिको सिफारिशमा निर्देशक समितिले निर्धारण गरेका अन्य कार्यक्रम

## अनुसूची -६

## स्थानीय आर्थिक सर्वेक्षणमा समावेश गर्नु पर्ने विषय

१. कार्यकारी सारांश

१) विश्व अर्थतन्त्र

२) नेपालको आर्थिक वृद्धि

३) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको चालु खर्च

४) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको पूँजीगत खर्च

५) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको आन्तरिक आय

६) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण

७) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति

८) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सामजिक क्षेत्रमा भएको प्रगति

९) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति

१०) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति

११) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति

१२) स्थानीय अर्थतन्त्रका प्रमुख चुनौतीहरू

१३) निजी क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

१४) सहकारी क्षेत्रबाट भएका उपलब्धि

१५) अन्य आवश्क विषयहरू

२. समग्र आर्थिक स्थिती

१) अन्तराष्ट्रिय आर्थिक स्थितिः अन्तराष्ट्रिय मुद्रा कोषको प्रतिवेदन, नेपाल राष्ट्र बैंक, The Economist आदिको आधारमा स्रोत खुलाई मुख्य आर्थिक सूचकहरू जस्तै विश्व आर्थिक वृद्धि, मूल्य स्थिति, विश्व व्यापार आदिको बारेमा बुँदागत रुपमा उल्लेख गर्ने। यसरी उल्लेख गर्दा गत आव र चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको उल्लेख गर्ने।

२) नेपालको आर्थिक स्थितिः नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन र नेपाल सरकारको आर्थिक सर्वेक्षणको आधारमा राष्ट्रिय अर्थतन्त्रको चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म वा सो नभए गत आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी देहायका विवरणहरू समावेश गर्नेः

क आर्थिक वृद्धि

ख उपभोग

ग लगानी

घ प्रतिव्यक्ति आय

ङ सार्वजनिक वित्त

३. स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्तसम्मको विवरण)

१) स्थानीय आयः

क चैत्र मसान्तसम्मको स्थानीय आयको अवस्था

ख गत विगतको स्थानीय आयको रकम,

ग सम्पत्ती कर

घ व्यवसाय कर

ङ घर बहाल कर

च ढुंगा, गिट्टी, वालुवा

छ कवाडी कर

ज मनोरञ्जन कर

झ विज्ञापन कर

ञ मालपोत आय

ट घरजग्गा रजिष्ट्रेसन

ठ नक्सा पास दस्तुर

ड हाट बजार ठेक्का

ढ सिफारिश शुल्क

ण विविध आय

त स्थानीय आय व्यवस्थापनमा चुनौतीहरू आदि उल्लेख गर्ने

२) अन्तर सरकारी वित्तीय हस्तान्तरण (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्तसम्मको विवरण)

क वित्तीय समानीकरण अनुदान

ख राजस्व बाँडफाँट

ग विशेष अनुदान

घ समपुरक अनुदान

ङ रोयल्टी बाँडफाँट

च सः शर्त अनुदान

छ प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरणः विभिन्न प्रकारका अनुदान

३) स्थानीय ऋणको अवस्था

४) स्थानीय खर्च

क चालु खर्च

ख पूँजीगत खर्च

ग स्थानीय खर्चका चुनौतीहरू

४. आर्थिक विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्तसम्मको विवरण)

१) स्थानीय सडक निर्माणको अवस्थाः पक्की,ग्राभेल,कच्ची

२) सिंचाईको अवस्था

३) वित्तीय क्षेत्रः बैंक तथा वित्तीय संस्थाहरू

४) लघु घरेलु साना उद्योगको संख्या

५) औद्योगिक ग्राम

६) सीप विकास सम्बन्धी

७) श्रम तथा रोजगारी सम्बन्धी विवरण

८) व्यवसाय दर्ता विवरण

९) वाणिज्य र बजार अनुगमन

१०) कृषि उत्पादन

११) बजार केन्द्रहरू

१२) पर्यटन सम्बन्धी

क पर्यटन आवागमन

ख होटल, रिसोर्ट, होमस्टे

ग अन्य विवरण

१३) उर्जा र विद्युतीकरण, साना जलविद्युत

१४) स्थानीय आर्थिक विकास सूचकको लेखाजोखा (कार्यक्रम लागु भएपछि)

१५) उत्पादनमूलक सहकारी, अन्य सहकारी

१६) व्यापार सम्बन्धी

१७) वैदेशिक रोजगारी सम्बन्धी (उपलब्ध भएमा)

१८) आर्थिक क्षेत्रका चुनौतीहरू

५. सामाजिक विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्तसम्मको विवरण)

१) स्वास्थ्य

क स्वास्थ्य सम्बन्धी आधारभूत सूचक

ख प्राथमिक स्वास्थ्य केन्द्र

ग स्वास्थ्य बीमा

२) खानेपानी र सरसफाई

क खानेपानी

ख सरसफाई

ग फोहोरमैला व्यवस्थापन

३) युवा तथा खेलकूद

४) पोषण सम्बन्धी

५) महिला, बालबालिका र जेष्ठ नागरिक

६) व्यक्तिगत घटना दर्ता

७) राष्ट्रिय परिचय पत्र

८) सामाजिक सुरक्षा

९) बालमैत्री स्थानीय शासन

१०) टोल विकास संस्थाको विवरण

११) शिक्षा

क शिक्षाको आधारभूत सूचकहरू

ख प्रारम्भिक बाल बिकास

ग विद्यलाय, विद्यार्थी र शिक्षकको अनुपात

घ शिक्षक विवरण

ङ विद्यार्थी विवरण

च विद्यार्थी भर्नादर

छ माध्यमिक शिक्षा परीक्षाको नतिजा

६. वातावरण तथा विपद व्यवस्थापन (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)

१) फोहोर मैला व्यवस्थापन

२) वातावरण मैत्री स्थानीय शासन

३) विपद व्यवस्थापन

४) हरियाली संरक्षण

५) वातावरण संरक्षण

६) अग्नि नियन्त्रण

७. सुशासन तथा संस्थागत विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)

१) वडा कार्यालय

२) स्थानीय तहको जनशक्ति विवरण

३) स्थानीय तह संस्थागत स्वमूल्याङ्कन नतिजा

४) वित्तीय सुशासनः आन्तरिक नियन्त्रण, बेरुजु र वित्तीय अनुशासन र वित्तीय सुशासन लेखाजोखा

५) सामाजिक परीक्षण, जाँचपास तथा फरफारक

६) स्थानीय ऐन तथा कानूनहरूको विवरण

७) स्थानीय प्रकाशनको विवरण

८. वडा कार्यालयहरूको गतिविधि

१) वडागत स्थानीय आय

२) वडागत खर्च विवरण

३) वडाबाट  भएका शिर्षकगत सिफारिश

४) वडाबाट भएमा शीर्षकगत घटना दर्ता विवरण

५) टोल विकास संस्थाको विवरण

६) वडाका अन्य विवरण

९. अनुसुचीहरु (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)

१) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय आन्तरिक आय

२) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय खर्च विवरण

३) आर्थिक वर्ष २०७४/७५ देखिको संघीय सरकाररबाट प्राप्त वित्तीय हस्तान्तरण

४) आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकार बाट प्राप्त वित्तीय हस्तान्तरण

५) आर्थिक वर्ष २०७४/७५ देखिको विद्यार्थी भर्ना दर

६) आर्थिक वर्ष २०७४/७५ देखिको व्यक्तिगत घटना दर्ताको अलग अलग विवरण

७) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय ऋणको अवस्था

८) आर्थिक वर्ष २०७४/७५ देखिको कर्मचारीको तलब, भत्ता तथा सुविधामा भएको खर्च

९) आर्थिक वर्ष २०७४/७५ देखिको जनप्रतिनिधिको तलब, भत्ता तथा सुविधामा भएको खर्च

१०) आर्थिक वर्ष २०७४-७५ देखिको टोल विकास संस्थाको विवरण